# इटहरी उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

इटहरी,सुनसरी

## शिलबन्दि दरभाउ पत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति: २०७५।१२।३०

यस कार्यलयवाट तपशिल अनुसारको कार्य शिलवन्दी दरभाउ पत्र माध्यमद्वारा गराउनु पर्ने भएकोले तपसिलमा उल्लेख भएका शर्तको अधिनमा रहि शिलवन्दी दरभाउपत्र पेश गर्नु हुन संवन्धित सवैको लागी यो १५ दिने सूचना एवं पुन: दोश्रो पटक प्रकाशित सूचनाको हकमा ७ दिने सूचना प्रकाशित गरिएको छ।

शर्तहरू :

१. शिलवन्दी दरभाउपत्र फारम वापत वापत रु.१०००। -एक हजार) मात्र फिर्ता नहुने गरि यस कार्यालयको राजश्व शाखामा बुझाइ सक्कलै रसिद तथा २०७५ सालको लागी नविकरण गरेको निर्माण व्यवसायी इजाजत प्रमाण पत्र आ.व. ०७४/०७५ को कर चुक्ता प्रमाण पत्र,यस नगरपालिकामा दर्ता भएको प्रमाणपत्र तथा मु.अ.कर प्रमाण पत्रको प्रमाणित प्रतिलिपी पेश गरी प्रथम पटक प्रकाशित मितिले १५ दिन भित्र सम्म र पुन प्रकाशित दर भाउपत्रको हकमा ७ दिन भित्र कार्यालय समय भित्र खरिद गर्न सकिने छ ।

२. खरिद भएका शिलवन्दी दरभाउ पत्र मिति १६ औ दिन १२ वजे र पुन: प्रकाशित दरभाउपत्रको हकमा ८ औदिन १२ बजे भित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्ने छ। दर्ता हुन आएका दरभाउपत्र सोही, सोही दिन(दर्ता गर्ने मिति) दिनको २ वजे यसै कार्यालयमा कार्यालय प्रतिनिधी तथा दरभाउ पत्र दाताको रोहवरमा खोलिने छ तर उक्त समयमा दरभाउपत्रदाताको प्रतिनिधी उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पुग्ने छैन ।

३. शिलवन्दी दरभाउपत्र पेश गर्दा तपसिल अनुसारको जमानत रकम यस कार्यालयको ने.वै.लि. इटहरी शाखा स्थित हि.नं.ग ३/०५९०३००००००००३००००३ खातामा जम्मा गरेको सक्कलै वैंक भौचर वा मान्यता प्राप्त क वर्गको वाणिज्य वैंकवाट जारी गरीएको ७५ दिन सम्म मान्य हुने अवधिको सक्कलै विड वण्ड पत्र प्रत्येक ठेक्काको लागी छुट्टा छुट्टै पेश गर्नु पर्ने छ ।

४. दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नभएको भनी लिखितरूपमा गरेको घोषणा पत्र दरभाउपत्रसाथ पेश गर्नु पर्नेछ।

५. शिलवन्दी दरभाउ पत्र पेश गर्दा शिलबन्दी खाम बाहिर कार्यालयको नाम, कामको बिवरण र दरभाउपत्र दाता फर्मको नाम, ठेगाना र छाप लगाई लाहाछाप लगाएको हुनुपर्ने छ।

६. प्राप्त शिलवन्दी दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने घटी वा बढी अंकवालालाई दिने वा नदिने सो सम्वन्धि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

७. शिलवन्दी दरभाउ पत्र शर्तरहीत, केरमेट नभएको, कार्यालवाट खरिद भएको डकुमेन्टमा नै भरिएको, कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनुपर्नेछ।

८. समयमा प्राप्त नभएको, रीत नपुगेको, सूचनाको शर्त बिपरीत भएको शिलवन्दी दरभाउ पत्र माथी कुनै कारवाही हुनेछैन

९. शिलवन्दी दरभाउ पत्र खरिद वा दर्ता गर्ने फर्महरूले कामको सम्बन्धमा राम्रोसंग बुझी भरेको मानिनेछ।

१०. शिलवन्दी दरभाउ पत्र भर्दा दररेट केरमेट नगरी प्रष्ट रूपमा अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्ने छ। अंक र अक्षरमा दररेट फरक परेमा अक्षरमा उल्लेख भएको ररकमलाई मान्यता दिईने छ।

११. शिलवन्दी दरभाउ पत्र खरिद गर्ने वा बुझाउने अन्तिम दिन बिदा पर्न गएमा सो को भोलि पल्ट सोही समयमा उक्त कार्यहरू हुनेछ।

१२. शिलवन्दी दरभाउ पत्र सम्बन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयको योजना शाखामा सम्पर्क राखी बुझ्न सकिने छ।

१३. शिलवन्दी दरभाउ पत्रमा दर रेट उल्लेख गर्दा भ्याट बाहेकको मुल्य उल्लेख गर्नु पर्नेछ।

१४. शिलवन्दी दरभाउ पत्रमा कुनै पनि नक्कली कागजात पेश गरेको पाइएमा निज शिलवन्दी दरभाउ पत्र दाताको दरभाउ पत्र रद्द गरी कालोसूचीमा समावेश गर्न सम्बन्धित निकायमा सिफारिस गरिनेछ।

१५. नियमानुसार नेपाल सरकारलाई लगायत अन्य निकायमा लाग्ने कर दस्तुर आदि सम्पुर्ण शिलवन्दी दरभाउपत्रदाता स्वयमले वेहोर्नु पर्ने छ।

१६. एक फर्मको नाममा खरिद भएको शिलवन्दी दरभाउ पत्र फारम अर्को फर्मको नाममा दाखिला गर्न पाईने छैन ।

१७. यस सूचनामा लेखिएका कुरा यसै बमोजिम र अन्य कुराका हकमा सार्वजनिक खरिद ऐन २०६३, तथा सार्वजनिक खरिद नियमावली २०६४ एवं नेपाल सरकारको प्रचलित कानुन अनुसार हुने छ।

| सि.नं. | ठेक्का नं. | आयोजनाको नाम | स्थान | ल.ई. मु.अ.कर बाहेक | जमानत वापतको रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| ०१ | ITR/NCB/19/075/076 | प्रोटेक्शन वाल र कालोपत्रे | पुष्पलाल मार्ग इटहरी ८ | रू.१७,१६,४२९।१३ | रू ५०,०००।०० | पुन: प्रकाशित (७ दिने सूचना ) |
| ०२ | ITR/NCB/23/075/076 | सडक कालोपत्रे | १२ नं. वार्डको सिमाना देखी भेदा चौधरीको घर हुदै भुस्कल्वा सम्म इटहरी ११ | रू.८,५६,५३८।२१ | रू २५,०००।०० | पुन: प्रकाशित (७ दिने सूचना ) |
| ०३ | ITR/NCB/44/075/076 | ड्रेन तथा ग्राभेल | नहर देखि मदन आश्रीत प्रा.बि. हुदै शिव मन्दिर छेउ नहर सम्म इटहरी १३ | रू.८,६५,५४३।८९ | रू २५,,०००।०० | |
| ०४ | ITR/NCB/45/075/076 | ड्रेन तथा ग्राभेल | मुल नहर देखि खदबदी सरदारको घर हुदै शान्ति श्रृजना स्कल जोड्ने बाटो इटहरी १३ | रू.८,६३,२०१।३० | रू २५,०००।०० | |
| ०५ | ITR/NCB/46/075/076 | सडक कालोपत्रे | खनार चौक देखि पूर्व लिम्बुटोल हुदै बुढी खोला सम्म इटहरी ११ | रू.८,५१,३५७७४ | रू २५,०००।०० | |

इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

बरिष्ठ इन्जिनियर
ने.इ.प.नं. ५०३१ सिभिल (क)